बढैयाताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
५ नं. प्रदेश, नेपाल

**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

# बढैयाताल गाउँपालिकाको राजपत्र

खण्डः ख संख्याः १४ प्रमाणीकरण मितिः २०७७/०४/०१

## बढैयाताल गाउँपालिकाको विनियोजन ऐन २०७७

बढैयाताल गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन

प्रस्तावनाः- बढैयाताल गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी बढैयाताल गाउँसभाले यो ऐन जारी गरिएको छ ।

१. संक्षिप्तनाम र प्रारम्भः-

(१.१) यस ऐनको नाम "बढैयाताल गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(१.२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. आर्थिक वर्ष २०७७/२०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः-

(२.१) आर्थिक वर्ष २०७७/२०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा

रकम रु ६०,९३,७२,५००/-(अक्षेरुपी साठि करोड तिरानब्य लाख बहत्तर हजार पाँच सयमात्र) मात्र बढाइ निर्दिष्टगरिए बमोजिम सञ्चित कोषबाट खच गर्न सकिनेछ ।

३. विनियोजनः-

(३.१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७७/२०७८ को निमित्त बढैयाताल गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(३.२) उपदफा (१)मा जुनसुकै कुरा लखिएको भएता पनि कार्यपालिका,वडा समितिले र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै मा बचत हुने र कुनै मा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० % प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ

(३.३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०% प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दाबढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृतिलिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाटविनियोजन हुने रकम

| क्र.सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | गाउँकार्यपालिका | ४,४६,१३,५००/- | १७,१३,११,०००/- | – | २१,५९,२४,५००/- |
| ३ | | वडा समिति | १,१७,००,०००/- | ८,१९,४९,०००/- | – | ९३६४९,०००/- |
| ४ | | बिषयगतशाखा | २०,४३,७६,०००/- | ९,५४,२३,०००/- | – | २९,९७,९९,०००/- |
| ५ | | ऋणको सावाव्याजभुक्तानी | – | – | – | – |
| ६ | | लगानी(शेयर/ऋण) | – | – | – | – |
| | | जम्मा | २६,०६,८९,५००/- | ३४,८६,८३,०००/- | – | ६०,९३,७२,०००/- |

बढैयाताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
५ नं. प्रदेश, नेपाल

लाल बहादुर श्रेष्ठ
अध्यक्ष
बढैयाताल गाउँपालिका

(प्रमाणिकरण गर्ने)

नाम :- श्री लाल बहादुर श्रेष्ठ

पदः- अध्यक्ष

बढैयाताल गाउँपालिका कार्यालय,

मैनापोखर ( बर्दिया )

प्रदेश नं. ५ नेपाल

बढैयाताल गाउँपालि